नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep
#३९
१५ साउन २०७७

| २०७७ बैशाख १ देखि साउन १४ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १५२ | ४४ | १२९ | ६ | १३ | ३ | ४७ | ० | १६१ | २०५ | ५७ | २९३ |

| २०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन १४ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १५० | ४४ | १२८ | ३ | १२ | १ | १७ | ० | ४२ | १७० | ५६ | १७१ |

# दैनिक विपद् बुलेटिन

१४ साउन विहान १०:०० बजेदेखि १५ साउन बिहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर १३ स्थानमा **पहिरो,** १ स्थानमा **बाढी,** १० स्थानमा **अविरल वर्षा,** ४ स्थानमा **आगलागी,** १ स्थानमा **जंगली हात्तीको आक्रमण,** १ स्थानमा **ढुङ्गा खस्ने** घटना घटेका छन् । यी घटनामध्ये **पहिरोबाट ९ र ढुङ्गा** खसेर २ गरी ११ जनाको **मृत्यु, पहिरोमा** परी १ जना **बेपत्ता, पहिरो, अविरल वर्षा र ढुङ्गा लागेर** गरी १२ जना **घाईते** भएका छन् । **पहिरो**का कारण २ स्थानमा **बाटो अवरुद्ध** भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ११ | १ | ३० | १२ | ३१,९६,००० | २ | २२ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **३०** वटा घट्नाहरु भएका छन् ।
- **कालिकोट**को नरहरीनाथ गाउँपालिका वडा नं ४ माझगोठीस्थित एक घर पहिरो आई भत्किदा **२** जनाको **मृत्यु** । नरहरीनाथ गाउँपालिका वडा नं ७ बाघास्थित एक घर पहिरोले पुरीदा **७** जनाको **मृत्यु** । नरहरीनाथ गाउँपालिका वडा नं ४ रिङ्गेपानीस्थित एक गोठ माथिवाट पहिरो आई भत्किदा **३** जना **घाईते** । माहाबै गाउँपालिका वडा नं ७ कोडवाडास्थित एक घरमा माथिबाट ढुङगा आई घर पुर्ण रुपमा क्षति भई घर नजिकै खेलिरहेका **२** बालबालिकाको **मृत्यु,** ४ बालबालिका **घाईते** ।
- **बाजुरा**को बुढीगँगा नगरपालिका वडा नं १ अमकोटमा गाईगोरु चराउन जंगलमा गएको अवस्थामा माथिबाट **पहिरो** आई **१** जना **बेपत्ता**, २ जना **घाईते** ।
- **कैलाली**को कैलारी गाउँपालिका वडा नं ७ बसन्तास्थित एक घर नजिक रहेको सालको रुख **अविरल बर्षा**को कारण ढलि घर पुर्णरुपमा क्षति हुँदा **३** जना **घाईते** । बर्दगोरिया गाउँपालिका वडा नं २ कुम्भियास्थित एक घरको माथिबाट **अविरल वर्षा**का कारण माटोको डिस्को खसि घर पुर्णरुपमा क्षति ।
- **बर्दिया**को गेरुवा गाउँपालिका वडा नं ३ शान्ति बजारस्थित एक कुखुरा फर्ममा बुढी कुलोको **बाढी** पसी अन्दाजी २००० वटा कुखुराको मृत्यु भई **१५ लाख** रुपैंया बराबरको क्षति ।

## घट्ना सारांश...

- **इलामको** माईजोगमाई गाउँपालिका वडा नं ६ प्याङमा **पहिरो**का कारण एउटा गोठ, एउटा **प्राथामिक स्वास्थ केन्द्र प्याङको** कम्पाण्डको वाल, **श्री प्याङ माध्यामिक बिद्यालय** भवनको वाल र २ जनाका अलैंचि बारीमा क्षति हुँदा **३ लाख १५ हजार** रुपैंया बराबरको क्षति ।
- **झापा**को मेचीनगर नगरपालिका वडा नं १४ मुखियाबारीस्थित एक घरमा **जंगली हात्ती** आई घरको पश्चिम साईडको पर्खाल पुर्णरुपमा भत्काई **२५ हजार** रुपैंया बराबरको क्षति ।
- **काभ्रेपलाञ्चोक**को रोशी गाउँपालिका वडा नं २ पुरानोगाउँस्थित एक कच्ची घर **अबिरल परेको बर्षा**को कारण भत्किई १ वटा बाख्राको मत्यु भई **५ लाख** रुपैंया बराबरको क्षति ।
- **लमजुङ्ग**को राईनस नगरपालिका वडा नं ९ मौरियास्थित एक कच्ची घरमा बिजुलीको तार सर्ट भई **आगलागी** हुँदा घर पुर्ण रुपमा क्षति भई घरमा रहेको नगद रू ३०००, सुन, चाँदी, टिभी, ग्यास सिलिन्डर र फ्रिज जलि नष्ट ।
- **रुकुम पश्चिम**को आठविसकोट नगरपालिका वडा नं १२ सानिबार्खुस्थित एक गोठ **पहिरो** आई पुर्णरुपमा भत्किई १ वटा बाख्राको मृत्यु, **१ लाख ८१ हजार** रुपैंया बराबरको क्षति ।
- **दैलेख**को नौमुले गाउँपालिका वडा नं २ स्थित एक गाई गोठमा **पहिरो** आई एउटा गोरुको मृत्यु .। आठबिस नगरपालिका वडा नं ५ मालाचौरस्थित ३ वटा घर र एउटा पसल **अबिरल बर्षा**को कारण बगाएको, अन्य बिवरण आउन बाँकी ।
- **डडेल्धुरा**को पर्शुराम नगरपालिका वडा नं ४ कटालस्थित एक गाईगोठ **अबिरल बर्षा**का कारण भत्किई गोठमा रहेको एउटा गाई र गाईको बाच्छो मरेको ।
- **बाजुरा**को जगन्नाथ गाउँपालिका वडा नं ६ काभ्रीस्थित एक बाख्रा खोरमा **पहिरो** पस्दा १५ वटा बाख्रा पहिरोले च्यापिएर मृत्यु ।
- **उदयपुर**को चौदण्डीगढी नगरपालिका वडा नं ९ बिष्णुजंगस्थित एक घरको चुलोबाट आगो सल्कीन गई **आगलागी** हुँदा घर भित्र रहेको अन्नपात, लत्ताकपडा, भाडाबर्तन र नगद गरि **४ लाख** रुपैंया बराबरको क्षति ।
- **महोत्तरी**को बर्दिबास नगरपालिका वडा नं ११ खयरमारास्थित एक घर **अबिरल बर्षाको** कारण भासिदा **५ लाख** रुपैंया बराबरको क्षति । मनरा सिस्वा नगरपालिका वडा नं ६ सरपल्लोस्थित एक घरमा चिया पकाउने क्रममा ग्याँस लिक भई **आगलागी** हुँदा घर आंशिक रुपमा क्षति भई घरभित्र रहेको सामान जली **१ लाख** रुपैंया बराबरको क्षति ।
- **सुनसरी**को धरान उपमहानगरपालिका वडा नं ८ बरगाछिस्थित एक घरमा आगो बाली दाउरा सेकाउने क्रममा अचानक **आगलागी** हुँदा घरभित्र रहेको अन्नपात, लत्ता कपडा, दराज, बाकस, अन्य सरसमानहरू पुर्ण रूपामा जलि **२ लाख** रुपैंया बराबरको क्षति ।
- **भक्तपुर**को चाँगुनारायण नगरपालिका वडा नं ९ सुडाल राममन्दिर दर्जिटोलस्थित एक कच्ची घर अबिरल बर्षाको कारण **१० लाख** रुपैंया बराबरको क्षति ।
- **गुल्मी**को सत्यवती गाउँपालिका वडा नं ४ खोल्टे पानीमा **पहिरो** गई एक घर आंशिक क्षति ।
- **दैलेख**को डुङगेश्वर गाउँपालिका वडा नं ४ अवलपराजुलस्थित एक कच्ची घर **अबिरल बर्षाका** कारण भत्किन गई क्षति । ठाँटिकाध गाउँपालिका वडा नं १२ स्थित एक कच्चि घरको माथिल्लो तलाको भाग **अविरल बर्षा**को कारण भत्किई आशिंक क्षति, अर्को एक कच्चि घर पूर्णरुपमा भत्किई क्षति ।
- **अछाम**को ढकारी गाउँपालिका वडा नं ७ थारमस्थित एक घर **अबिरल बर्षा**का कारण भत्किन गई पुर्ण रुपमा क्षति । बान्नीगढी जयगढ गाउँपालिका वडा नं ६ धर्नास्थित **धर्ना लघु जलविद्युत आयोजना पहिरोका** कारण भत्किएकोले **विद्युत सेवा पूर्ण रुपमा अवरुद्ध** । पञ्चदेवल विनायक नगरपालिका वडा नं २ न्यौपाने टोलस्थित एक घर नजिकै **पहिरो** आई घरमा रहेको कुखुराको खोर पुरिन गई १६ बटा कुखुरा मरेको ।

## बाटो अवरोध

- **दैलेखको** आठबिस नगरपालिका वडा नं ३ जाक्सीस्थित कर्णाली राजमार्गमा माथिबाट **पहिरो** खसी **कर्णाली राजमार्ग अवरुद्ध** ।
- **सुर्खेत**को बराहताल गाउँपालिका वडा नं ८ देउराली नजिक सुर्खेत तरङगा भित्री सडक खण्डमा माथिबाट ढुङगा सहितको **पहिरो** आउदा एउटा मोटरसाईकल पुरिई **बाटो पुर्ण रुपमा अबरुद्ध** ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरो र ढुङ्गा खसेर घाइते भएका व्यक्तिको उद्धार गरी नजिकैको स्वास्थ्य केन्द्रमा उपचारका लागि पुर्याइएको, बेपत्ता भएकाको खोजी कार्य जारी रहेको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको र पहिरोबाट अबरुद्ध भएको बाटो खुलाउने प्रयास भइरहेको ।

## वर्षाको सारांश

### साउन १४ गते बिहान ०८:४५ बजे देखि साउन १५ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०४/१५ गते बिहान ०८:४५ बजे १९९ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ८१ र स्वचालितः ११८) मा मापन गरिएको वर्षाको विवरण अनुसार १६७ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (२०३ मि. मी.) कंचनपुर जिल्लाको बेलौरी केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा २०० मि. मी. भन्दा बढि, २ वटा केन्द्रमा १५० मि. मी. भन्दा बढि, ३ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, ९ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, २९ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ६९ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि [www.dhm.gov.np/climate/](www.dhm.gov.np/climate/)मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

श्रावण-१५ (बिहीबार) (विहान ७ बजे  देखि २४ घण्टा)

- आज कोशी, नारायणी, कर्णाली र महाकाली र यसका सहायक नदीमा बहाव सतर्कता सतर्कता आसपास हुने  पूर्वानुमान छ । नारायणी र महाकालीको केहि साना सहायक नदीमा बहाव खतरा आसपास पुग्न सक्ने ।
- आज कन्काई,कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब बढ्दो हुने र सतर्कता तह भन्दा तलै हुने ।  आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई , पश्चिम राप्ती, बबई , तिनाउ, बाणगंगाका केहि स-साना सहायक नदीमा आकस्मिक बहाव भई सतर्कता तह आसपास सम्म पुग्न सक्ने पुर्वानुमान छ ।
- आज पाँचथर, ईलाम, झापा, मोरङ, सुनसरी, धुनकुटा, उदयपुर, भोजपुर, खोटाङ, ओखलढुङगा, संखुवासभा, ससरी, सिराहा लगायत प्रदेश २ का जिल्लाहरू, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, लम्जुङ, तनहूँ, स्याङजा, कास्की, पर्वत, बागलुङ, म्याग्दी, चितवन, नवलपरासी, पाल्पा, गुल्मी, अर्घाखाँची, रोल्पा, रूकुम,प्यूठान, सल्यान, कपिलवस्तु, रूपन्देही, दाङ, बाँके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर र आसपास भई बहने साना नदीमा बहाव बढ्ने र केहि स-साना नदीमा आकस्मिक बहाव **(Flash Flood)** हुन सक्ने संभावना रहेको छ  ।

नोट :पहेलो रङ्ले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङ्ले उच्च जोखिमको संकेत गर्छ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः**http://hydrology.gov.np/**